जाऊ झट्शुंभ जाहा ॥ ३ ॥ मेरापतीथैतिमिलायि
लान्छु। आऊन मान्या अन्केश तान्छू ॥ योधूम्रलो
चन्कि सुनेर धम्की। उत्तार्दिइन् देवि अनर्थ गंकी
॥ ४ ॥ दैत्येश्वरैले वनली पठाथा। क्यागर्छु वल्ले
गरि छेप्न आया ॥ आफै वलीयो वलयोछ हाथ्
मा। मेरात महत् रतिछैन साथ्मा ॥५॥ ❀ यस्तो
पायि जवाफ रिस्गरि छुट्यो त्योधूम्रलोचन् जसै।
हुँकार्लै गरिभस्म पारि दिनुभो झट् अम्बिकाले त
सै ॥ वाकी फौज् कन खुव् रिसायि परशूवाणशक्ति
तीखाधरी। मार्नूभो जब सिंहले पनि जगर्हल्लाइ
शब्दै गरी ॥ ६ ॥ छूट्यो दैत्याकि फौजमा कति चि-
र्यो नङ्ले मुखले कती। ओठूले कंटि पछारि दै-
त्यकि फउज् मार्थ्ये सहज्ले अती ॥ कोखा फारि
दियो कठोर नङले लातले वजायीताहा। हात् गोडा
शिरकाटि सोतर भया संग्राम भूमी महा ॥ ७ ॥
कोखा फोरि रगत् चुसेर जगर्हल्लायि नाची अती
वाहान् सिंह रिसायि दैत्याकि फउज् मार्‍यो न राखी
रती ॥ मारेको सुनिदेवि सिंहदुइले वल्धूम्रलोचन्
वहा। रिस्ले फर्फरओठ पारि हुकुमै योदिन्छ शुंभै
तहा ॥ ८ ॥ हे चिचंड र मुंड धेर्फउजली लौजाउ
झट्टै तहा। लीआऊ तिनलायि वांधि अथवा पक्री

जगल्टा मह्य ॥ कोही मद्दत देखिया असुरले मा-
रीदिनु सेर्तह्या। पक्री बाँधिं जसो गरेर पनितील्या
ऊ न छोडी ञह्या॥ ६ ॥

वल्धूम्रलोचन पनी इ सबै मऱ्याको।
सूनरशुंभ रिसलेअधिकै जऱ्याको॥
त्रिचंडमुंड खटियीकन फेर्गयाको।
अध्याययोपनि ञह्या इतिभै गयाको॥

इति श्रीमार्कंडेय पुराणान्तर्गत सप्तशती भाषा
याँ षष्ठोध्यायः ॥ ६ ॥

आज्ञाभो जब चंडमुंड चतुरङ्ग वल्साथ् हथीया
धरी। जादा सिंहचढी पहाड् शिखरमा मुस्मुस् ह
साँयी गरी॥ वस्ती देवितिदेखि खड्ग र धनुष् खै
ची हथीयार्तह्या। दैत्यैको वल पक्रनै भनि छुट्यो दे
वीकनै रणमह्या॥ १ ॥ रिस्ले चूरभइन् जसै भगव
ती रूप्भो मसीले सरी। आखीमौं अति जोरियो
आनि निधार्देखीत तेसै घरी॥ कालीमायिप्रकट्भ
यिनूछ विकराल् मुख्पाशतल्वार्धरी। माला मानि
सको लगायिगहना खड्ग्वांग हारमा गरी॥२॥ सा
री वाघकि चर्मधारि विकराल् मासूसुक्याकी अती

ठूलोमुख् विचखुप् हिलाइ रहने जिभ्रोछ तल्वार्जे
ती ॥ गेह्रा लाल नयन् करायिकन खुक्ष्भर्पुर्दिशा
मा गरी । वेग्लेछूटि गइन् असुर्फउजको ध्वस्तै गरा
इन् अरी ॥३॥ लड्न्या त्रिश्रानि माउते टहलुवा घं
टा सहित्को करी । एक्हातूले धरि हाल्द छिन्मुख
मह्रा हेर्नैन सक्नू गरी ॥ त्यस्तै सारथि फेरथी सहि
तको घोडा सङै रथ् धरी । मुखमा हालि चपाउदा
गजथभो संग्राममा तेस्घरी ॥ ४ ॥ केश्मा घाटिम
हा अठथाइ कनखुप् लातूले वजायीकती । घेर्दानव्
कन कालिका अति चिडी मारिन् नराखी रती ॥
छोड्छन् अस्त्रमहास्त्र जुन् असुरले मुख्भित्र हाली
तहा । दांतूले कटि चपाइ चूर्ण गरछिन् संग्राम भू
मी मह्रा ॥ ५ ॥ वल्का खुप्त्रालिया वलैअसुरको मा
रेर खायी दिइन् । तल्वार्मारि गिराइया कतिपिटी
खट्वांगले प्राण् लिइन् ॥ दाह्राले कति कंटि सब्
असुरको मारी उछित्तो गरिन् । एक्छिन्मात तहा
सबै असुरको प्राण्भट् सहज्मा हरिन् ॥ ६ ॥ य-
स्तो देखि लियी छुटी कन गया तीचंड मुंडै तहा ।
वाणवृष्टी गरि कालिका कन अती ढाकेर संग्रां म
हा ॥ दुश्मन्का सब चक्र आदि हथिया मुखमालि
थीथिन् जसै । वादल् भित्रकि सूर्यविंव सरिकाती

देखिया सव्तसै ॥ ७ ॥ दान्हाले भरिमुख् ठुलोछ विकराल् अट्टाट्ट हाँसो गरी। उफ्रीपक्रि लियेर चंडकि टुपी तल्वार हातमा धरी ॥ काटिन् देखि तमुन्ड बिर्स्रीति छुट्यो चंडै मऱ्याको तहा। तेस्को शिर्पनि कट् दिइन् गिरि गयो संग्राम भूमी महा॥८॥ वाकी फौज् पनि मार्दिइन् अरूसवै विर्चंडमुंडै तहा। मर्दा भागि गया डराइ अधिकै ज्यानै वचाउना महा ॥ पक्री चंड र मुंडको शिरदुयी ठोक्कीजुधा थी अती। कालीले गयि अट्टहास् गरिभनिन् ती अम्बिकाथै यती ॥ ९ ॥ औल्हे चंडर मुंडवीर मजिले मार्‍यौं पशुझै अहा। माछर्यौंशुंभ निशुंभ लायि तिमिले तीदुष्ट जानन् कहा ॥ देखी चंड र मुंडको शिरदुयीसुनेर वातूयी वहा। काली लाइमधुर्गरीकन भनिनूती चंडिकाले तहा ॥ १० ॥ आयौ चंड र मुंडको शिरलियी यस्कारणैले गरी। चामुंडा भनि तिंरि नाम जगतमा हुन्याछ योजाहरी ॥ हेराजन् सवयो कह्या भगवती लक्ष्मी चरित्रै अहा। सूनील्यौ अवरक्त वीजबधको अध्याय मिठ्ठामहा

वल्धूम्रलोचन हरूसवध् भयाको।
सूनेर चंड आनि मुंड पनी गयाको॥
वध्चंड मुंडाकि वयानसवै भया को।

अध्याययो पनिअहा इतिभैगयाको ॥

इति श्रीमार्कंडेय पुराणान्तर्गत शप्तशती भाषा
यां शप्तमोध्यायः ॥ ७ ॥

सूनी चंड र मुंडको वध अनी धेर्फौजको नाश् पर्ना । जागी शुंभ अनर्थ योहृकुमभो सेना जमाऊ भनी ॥ भन्छं शुंभ वटोलि अफसर सर्वछै साष्टि हजार्तहा । चौरासी चतुरंगिर्णाफि अफिसर्पीछे लि जाऊ वहा ॥ १ ॥ जाऊ जलिद् पचास कोटिलिअसु कुंलका फउज् विर्अनी । धूम्रैका सयकुल् हुकुंक न धरी जाउन् अरू विर्पनी ॥ कालकूदौ हृदमौर्य कुलपानि चलुन् फेर्कालकेयै ञहा । मेरोआम्न धरेर कम्वरकसी जाउन् लडाञी महा ॥ २ ॥ यस्तोआम्न दियेर दैत्यपतिले दीयी हुकुंखुप् कडा । हजारौ लिइ फौज शुंभगइभो देवी अगाडी खडा ॥ आया को सव फौज त्यो असुरको देखी भयानक् तहा । टंकार्ले ग.र भर्दिइन् धनुषको आकाश भूमी महा ॥ ३ ॥ फरीसिंह कठोर शब्द गरिखुप् डुकंछ चंडकीजसै । ती शब्दै सवढाकि फेर्जननिले घंटावजाइन् तसै ॥ घंटासिंह धनूषका शवदले फेर्सिंहनाद् ले गरी । कालीका मुखका अघो र्शवदलेभो दशूदि

शामा भरी ॥ ४ ॥ सुनी शब्द ठुलो दिशा सबपि टीती दैत्यसैन्यै वहा। आयी देवि र सिंह कालि कन खुप् ढाक्या शरैले तहा ॥ हे राजन् ! यहिबीचमा असुरको नाश् गर्न निंती अनी। देवूताको जय निंति वीर्यवल साथ् आया अनेक रूप् वनी ॥५॥ ब्रह्माजी हरि हर्कुमार हरूका शक्ती शरिर्का गया। जंवास्वै सरिरूपली कनसवै झट् चंडिका साथ् भया ॥ जुन् देवूको जुनरूप वाहनछजो स्वैमा फिकै रूप् लियी। शक्ती आइगया असुरसङ अती लड्नाकि मतलब् लियी ॥ ६ ॥ हाँस्ले युक्तविमानमा चाढि तहा माला कमंडलु धरी। ब्रह्माजीकिति शक्ति दाखिल भइन् ब्रह्माणि नामै गरी ॥ साँढे माथिचढी त्रिशुल् वरधरी शिर्माथि चन्द्रैगरी। वाला सर्पाकि लाइ दाखिल भइन् माहेश्वरी रूप् धरी ॥ ॥ ७ ॥ हातमा शक्ति लियी मयुर् परचढी लड्नाकि मन्सुब् गरी। आइन् शक्ति कुमारका चमकदैको मारि मौनै अरी ॥ त्यस्तै बिष्णुकि शक्ति दाखिल भइन् वाहन् गरूड्मा चडी। शंखै चक्र गदा र शार्ङ तलवार् हातमालि तेही घडी ॥ ८ ॥ धास्या जो-हरिले वराह अथवा तिन्की त शक्ती वहा। लड्ना निंति वराहकै रूपगरी वाराहि आइन्तहा ॥ जस्तो

रूप नृसिंहको स्वांहि सरी नांना र सिंही धरी । ता
रा हेरू जटा हिलाइ कनखुप् सब् छयांड झ्यांडै
गरी ॥ ६ ॥ आइन् वज्रलियेर इन्द्र शरिभै ऐराव-
वतैमा चडी । हजारनेत्र धरेर लड्न भनिलौ इन्द्रा
णि तेसै घडी ॥ त्याँदेखी यति शक्ति आइ शिवमा
घेरा दियाथ्या जसै । मेरा प्रीति निमित्त मार असु
रैयो भन्दिइन्भोतसै॥ १० ॥यस्तै वीचति अम्बिकाकि
त शरिदेखी प्रकट्भो तहा । शक्ती उग्र अवाज् ठु
लो गरि जटा धूवा सरी शिर्महा ॥ धार्दी शंकरथैभ
निन् हे भगवन् ! जाऊ वनी दुत् तहाँ । यीवात् भ
न्नु निशुंभ शुंभ विरथै धेर्सेखि गर्न्या महा ॥ ११ ॥
जोछन् दानव युद्धगर्न कसिन्या सबूका अगाडी म
हा । तिन्लोक्र्यौ सबइन्द्र लाइ अहिले द्यौयज्ञको
भाग् जहा ॥ देवृता हेरूकनै अनी तिमि सबै झट्
जाउ पाताल् जहा । मान्देनौ यदि लड्न कम्बर क
सीलौ आउ संग्राम् महा ॥ १२ ॥ वाचून्या मन्छ
भन्या इबात् गर सबै सेखी हुनाले गरी । मर्न्यैं म
न्छ भन्या अघीसर सबैलड्न्या इरादा धरी ॥ खा
नन् तृप्त भयेर मासुतिमरो हाम्रा गणौले तसै ।
येति बात अन्हाइ दुतुशिवकनै पारी पठाइन् जसै

॥१३॥ त्याँ देखी शिवदूति नांजगतमा प्रख्यात ति
न्को भयो। शंकर्ले गरियो खबर्असुरमा सब्दाखि
लाभै गयो॥ सून्यादुत् शिवका बचन् रिसउठीआ
या भवानी जहा। बाण् शक्ती आनि लाट्टिवृष्टिगरदै
दैत्यै हरू सब् तहा॥ १४ ॥ देवीले पनि शूल श-
क्ति परशूबाण् वृष्टि काटी दिइन्। लीलैले गरि वा
ण लाइ धनुमा प्राण्दैत्यको धेर्लिइन्॥ काली दौ
डि अघी अघी त्रिशुल फेर्खट्वांग मारी तहा। पि
न्धी काट्दाति रिपूसबै घुमि घुमी संग्राम भूमी महा
॥ १५ ॥ ब्रह्माणीत छिटी कमंडलुकि जल्बल् तेज्
असुर्को हरी। घुम्छिन् हानि त्रिशूल मारि रिपुसब्
घुम्छिन्ति माहेश्वरी ॥ चक्रैले गरि मारिया कति
असुर्ती वैष्णवीले तहाँ। शक्तीले कतिदैत्य कत्तल
गरिन् कौमारिले रणमहाँ॥१६॥ इन्द्राणी पनि ब
ज्रछाडि पिधन्या दैत्यैकडोरो तहा। पारी रक्तकि
घोरबृष्टिति असुर्गिर्दा भया भैमहा॥ मार्दी दैत्यअ
ती फिराइ थुतुनू दान्हा धसी छातिमा। फोर्दीचक्र
फिराउदा कतलभै गिर्दा भया हातिमा॥१७॥ चि
र्दिनङ् धरिखाइली सबअरी ठूलो अवाज् धेर्गरी।
मार्दैदैत्य ति नारसिंहि रणमा घुम्छन्ति वेगधरी॥
हास्दामा शिवदूतिले अति अघा अट्टाट्ट शब्दै

धरी । गिर्छन् होसगयेर दानव हरू खान्छिन्ति खबा
दूले गरी ॥ १८ ॥ यस्तै रितुसङ मातृकाकि गणले
धेरैउपाये गरी । रिस्ले मारि दिया फउज् असुरका
वाकी नराखी अरी ॥ आकुल्भै सबफौज भाग्नम
तलब् गर्न्याति देखी तहा । आयोलड्न भनी ठुलो
असुर विर्त्यौ रक्तविज् रणमहा ॥ १९ ॥ जस्कोरक्त
किं विन्दु एक्रूजमिनमा गिर्दा पनी स्वैसरी । अर्को
वीर खडा हुन्या वरथियो संग्राममा स्येघरी ॥
लड्दो भो विर रक्तवीज लि गदा इन्द्राणिका
साथ् गयी । ऐन्द्रीले पनि बज्र छाडि दिनु
भो रिस्ले वहुत् जोर्भयी ॥ २० ॥ वज्रै चोट् परि
रक्त वीजकि रगत् बग्दो भयो धेर्जसै । धेरैस्वै सरि
बिर्खडा हुन गया लड्छन्ति चंकी तसै ॥ गिर्थ्या
लौजति रक्तबिन्दु भजिमा सब् रक्त बिजूले सरी ।
बन्थ्या वीरसबै लडन्त गरथ्या हातमा हथी यार्धरी
॥ २१ ॥ बज्रैले गरि रकत बीजकन फेईन्द्राणिले
शिर्महाँ । ठोकूता रकत वग्यो जसै पुरुष धेर्निस्क्या
हजारौं तहां ॥ चक्रैले गरि बैष्णवी लिइ गदा इन्द्रा
णिले जोर्गरी । हान्दामा अति दख्खले भयि रगत्
बगूदो भयो बेस् गरी ॥ २२ ॥ बिर्निस्क्या अति
रकत बीजकिं रगत् देखी कडेरौ वहा । दाकयालो

कु सब रक्त बीज सरिका विनिस्कि जाहा तहा ॥ शक्तीले गरि हान्द छिन् रिसउठी कौमारिले रण् महा । हानिन् घोरत्रिशुल् लियी असुर मा माहे श्वरीले तहा ॥२३॥ एक् एक् दौत्रि कनै गदा लियि पिट्यो त्योरक्त बिज्बीरले । बग्दोभो सबरक्त वी जाकि शरिर्देखी रगत् पीरले ॥ भर्पुर्भो सब रक्तका पुरुषले आकुलभयो सब् जगत् । देव्ता हेरुडराथि सब् परसस्या ज्यानै बचाउनै फगतू ॥ २४ ॥ दिग्दा देव्गण लायि देखित भनिन् योचंडिकाले तहा । चामुंडे अवमुख् बढाउ तिमिले संग्राम ढाकी जहा ॥ मेरा शस्त्र किचोटले जति रगत् गिर्ला तिमीले उती खायी देउ वहा पछी असुरको क्या चल्न सक्ला हुती ॥ २५ ॥ यस् रितुले सवरक्त निखून गयी म न्याछ चाँडै जहा । हेकाली ! तिमिले हजंगरि दिदा उठनन् अरू बिर्कहा ॥ चंडीले यति युक्ति पारि कनखुप् हानिन् त्रिशूलै लियी । कालीले पनि सब् रगत् जति गिर्यो दीयिन् सहज्मा पियी ॥ २६ ॥ हान्यो चांडि कनै गदा लियि ठुलो त्योरक्त बिज्ले झनी । त्योचोट् केहिन मानि हानि हतिया तींचंडि काले पनी ॥ हान्दा धेर्हतिया रगत् अति वह्यो सब् कालिकाले पियिन् । मुखभित्र पनि उठ्तथ्या जति

पुरुष् तीसब् चपार्यी दियिन् ॥ २७ ॥ देवीले पनि शूलबज्र् अनिबाण् तल्वार वृष्टी गरी । हानिन् रक्त तिकालिले पियि दियिन् निखूी रगत् तस् घरी ॥ पृथ्वीमा ताहिरक्त बिज् लडिगयो धेर्शस्त्र हान्दा मरी देव्ता हेरु खुसी भया रणमहा मारी दिदा त्यो अरी ॥ २८ ॥ खायी मासु रगत् बहुत खुसि भयी नाच्छन् ति मातृ हरू । येस्तो अद्भुतको लडाञि हुन गोधैरे बयान् क्या गरू ॥ २८ ॥

सब्देवता हरुकि शक्ति स्वरुप् धर्याको ।
तिंले लडन्त गरि दैत्य फउज् मऱ्याको ॥
वध् रक्तबीजकि वयान सवैभया को ।
अध्याय योपनि ञहा इतिभै गयाको ॥

इति श्रीमार्कंडेय पुराणान्तर्गत सप्तशती भाषा यां अष्टमोध्यायः ।

अद्भुत्को सुनियो कथाति महाराज् फेर्सोद्ध छन् योतहा । देवीको यहि रक्तबीज वधको सून्याँ चरित्रै ञहा ॥ फेर्भन्नोस ऋषे मरेपछि तहा त्योरक्त बिज् रणमहा । क्याकां शुंभ निशुंभले गरि लिया आज्ञा हवस् सोञहा ॥ १ ॥ यस्ता बात सुनी ऋषीक हदछन् राजन् ! सुनील्यौ भनी । रिस्ले शुंभ निशुंभ

जागि अधिकै मार्दा ति सेना पनी ॥ मर्दा देखि फ
उज् धमा धम सबै रिस्ले अधीकै जरी। मुख्यै ली
कन फौज् निशुंभ बढिगो लड्नाकि मन्सुब् गरी ॥
॥ २ ॥ छुटथ्या दैत्य निशुभं का अघि पछि चौतर्फ
घेरा धरी। ओठ् टोकू तौरिसले बिता उनभनी देवी
कनैतेस् घरी॥ आफ्नू फौज लियेर शुंभ पनिलौआ
यो रिसैले वढी ; चंडीलाइ वितावुना कन तहा
धेर्मातृ सङ्गमा लडी ॥ ३ ॥ त्यांदेखी अति युद्धभो
असुरको देवी सङ्गमा तहा। शर्वृष्टीगरि मेघवृष्टिकि
सरि लड्दा भया रणमहा ॥ छोड्याका रिपुले त श
स्त्र हाथिया जुन्जुन् उआउछन् वहा। वाण्छाडीकि
न काटि वक्सनु भयो सब् चंडिकाले तहा ॥ ४ ॥
शस्त्रैहानि निशुंभ शुंभविरका आङ्थिल् थिलोभो
जसै। ढाल् तल्वार्लि निशुंभ वितिहि छुट्यो सोसिंह
माथी तसै ॥ हान्यो सिंहकि शीरमा जब अती दे
वी रिसायी वहा। हानिनू वाण लियेर ढाल तरवा
दौटुकू गराइन्तहा ॥ ५ ॥ काट्ता ढाल्तरवार श
क्ति कनझट् हान्यो निशुंभै चिडी। चक्रैले गरि का
ट्दिइन् जबत्रिशुल् हान्यो सहज्मा भिडी ॥ देवी
ले पनि सोत्रिशुल् कन मुठीहानी धुलो पार्दिइन् ।
हान्यो फेरि गदा त्रिशुल्ले उपनी झट्भष्म

पारी लिइन् ॥ ६ ॥ हात्माली परशू निशुंभरिस ले छूट्यो जसै झट्टहा । देवीले अति वाण हानिमुर छाभै गिर्नगोभै महा ॥ देखी मूर्छित भायि पृथिव तलमा रिस्ले तिशुंभैजरी । रथमाथी चढिदेविमार्न भनित्यो साम्ने भयो तेस् घरी ॥ ७ ॥ आठ् वाहू पर दिव्य अस्त्रहरूली आकाश ढाकी दियी । वस्न्या देविकिसामु भैकन वस्यो लड्नाकि मन्सुव् लियी ॥ देखीशुंभ कनै वजाइ कन खुप् शंखै धनुष्को अनी । टंकारधैर गरिन् भयानक अती आचंडिकाले पनी ॥ ८ ॥ घंटा वाजि दिशा भरी हुनगयो सब्दैत्य को तेजूहरी । गर्ज्यो सिंह जमिन् दिशा भरि सुनी मद् छाड्छ मत्ता करी ॥ काली उफ्रि जमिन् गगन् थपरिले ठोक्ता अहूसो हन्यो । खत् खत् खत् शिव दूति चंकि हसदा वेहोस् असुर्मा गन्यो ॥ ६ ॥ जब् रिस्ले गरि शुंभ जोर हुनगो वस् वस् दुरात्मा भनी । भंछिन् जब् जगदंविका जय जयै भन्छन्ति देवता अनी !' शुंभे ले तहिं आथि शक्ति कन यक् छोड्यो बले को तहां । उल्का छाडि भवानि ले तजल दो नाश पार्नु भो रण् महा ॥ १० ॥ शुंभ ले गरि सिंहनाद तिनलोक् भर्पुर्ग रायो तहा । वज्र को शव्दै पनी जिति लियो राज

नूबहा रण् महा ॥ शुंभै ले जतिबाण छाड्छातिसबै
काट्छिन् ति चंडी तहा । चंडी का पनि शुंभ ले
शर सबै काटी दियोरण् महा ॥ ११ ॥ वादेखीअति
रिस् गरी जननि ले हानिन् त्रिशूलले तहा । लागी
शुंभ त्रिशूल ले गरि गिऱ्यो मूर्छितभयी भै महा ॥
ये बिच् माति निशुंभ फेरि विउँती बाण् धेर्नू मा
धरी । हान्यो कालिर केशरी कन पनी बृष्टी सरी
तेस् घरी ॥ १२ ॥ दशूहज्जार गराइ हात तिनमा
चक्रै लिइझट् तहा । छोप्तो भो अति चण्डिका
कन सहज् संग्राम भूमी महा ॥ यो देखी अतिरिस्
गरी भगवती ले वाण छाडी अती । चक्रै शर्सब
काट्नुभो सहजमा दुष्मन् किछाडे जती ॥ १३ ॥
वेग्ले फेरि निशुंभ ले लिइ गदा छूट्यो भवानी
महा । काट्नुभोउ गदा पनी षडगले लीयी त्रिशुल्
फेर्तहा ॥ आउन्था वेगलियी निशुंभकनझट् हातमा
त्रिशुल् यक् धरी । देवीले अति रोप्नुभो हृदय मा
हेर्नैन सक्नू गरी ॥ १४ ॥ शूल्को चोट परेर झट्
असुरको छाती फुटेथ्यो जसै । खुप्तेजी बलियो पु
रुष् पखि पखी भन्दै तनि सक्यो तसै ॥ तलवार्लै
गरि निस्कदै दुदिशिरै काटिन् कुकुर्कै सरी । वेग्ले
त्यो शिर गिर्नगो जमिनमा हाहा भयो तेस् घरी

॥ १५ ॥ खायो शिर्कन सिंहले चुडिचुडी दाह्रा ध
सी रण् मह्रा । काली ले शिवदूति ले पनि असुर्
खाया न राखी तह्रा ॥ शक्ती ले गरि छयांड म्यांड
गरियो कौमारि ले सब् अरी । ब्रह्माणी पनि मन्त्र
जल् छिटि रिपुध्वस्तै गरिन् तस् घरी ॥ १६ ॥ मा
र्छिन् शत्रु त्रिशूल ले गरि तह्रा माहेश्वरी ले कती ।
बाराही थुतुनूचलाइ असुरै खुप्चूर्ण पारिन् अती ॥
चक्रै ले गरि टुक्रुटुकै अरिगरिन् फेर्वैष्णवीले तह्रा ।
ऐन्द्री वज्र फिराइ नाश गरछिन् धेदैत्य संग्राम्
माह्रा ॥१७॥ ❀ कोही मऱ्या कोहि तह्रा मिचीया ।
कालीर शेर्ले गरी रक्त पीया ॥ मर्दो भयो दैत्य नि
शुंभ ताह्रा । कोही रह्यानन् रण भूमि माह्रा ॥ १८॥

देवेर रक्तबिज को बध फेरि ताह्रा ।
आयो निशुंभ रिसले रणभूमि माह्रा ॥
मारी निशुंभ सब देव खुसी भयाको ।
अध्याय योपनि जहा इतिभै गयाको ॥

इतिश्री मार्कंडेय पुराणान्तर्गत सप्तशती
भायाषां नवमोऽध्यायः ॥ ९ ॥

६.७
४४३८

प्यारो प्राण समान को जवमस्यो भायी निशुंभै
वहा। मर्दौ देखि फउज् भन्यो रिसउठी त्यो शुंभ
ले योत्यहा॥ हेदुर्गे तत लौन गांकि अहिले सेखी
वहूतै गरी। लड्छेस् लौअरु देबिको वल लियी
क्यागंकनू यस् घरी॥ १॥ यस्ता वात्सुनि खुप्
हँसी भगवती उत्तर्दिनूभो तहा। एकैछून जगत्म
हातँ बुझिले दोस्रीम देखी कहा॥ होली हेर्भनि
देवि हेरुति सवै घूस्याति चंडै महा। एकै रूप भ
यी भनिन् जननिले मैले वहुतु रुप् जहा॥ २॥
धान्याको खिचि एक रुप् गरिलिआ स्थिर्हौत संग्रां
महा॥ यती वात भयी पऱ्यो रण अघोर्देवी असुर्को
तहा॥ देव्ता दानव फौज लाइ डरले देखूतै महा
होस् गयो। तीखा वाण् शर वृष्टि ले गरि वडो डर्ला
ग्दो संग्रां भयो॥ ३॥ देवीले जति छाडिया शरहरू
शस्त्रास्त्र शुंभै महा। तीसव् कत्तल शुंभले गरि दि
यो एक जातू नराखी तहा॥ शुंभैले जति दिब्य श
स्त्र हरु सव् छाडयो ति काटी दिइन्। लीलै गरि
देबिले शर सवै हुंकार्अवाज् ले लिइन्॥ ४॥ फेरी
शुंभ रिसाइ धेर्शर लियी ढ्याक्यो भवानी महा।
देवीले रिसले धनुष्कन कतल् पारिन् शरैले तहा॥
काटीदा धनु शुंभले झट लियो शक्ती करैमा जसै।

चक्रै छाडि भवानिले छिनि दिइन् त्योशक्ति हात्मै तसै ॥५॥ दौडयो फेरि लियेर ढाल तरवार्देवी उपर्र ग्महा । घोडा ढाल् तरवार सारथि सबै काटी दिनूभो तहा ॥ जब्भो शुंभ बिरथ् लियो अति अ घोमुद्ग् गर्विताऊँ भनी । देबीले शरले कतल् गरि दि इन् आउदोउ मुद्गर्पनी ॥ ६ ॥ हान्यो मुष्टि उ जाइ दौडि कनगे देवीकि छाती जाहा । देवीले पनि छातिमा पयरले हान्दा गिन्यो भै महा ॥ झट् पट् फेरि उठेर शुंभाविर ले पक्रेर देवी तहा । उ फ्ऱ्यो त्यो गगनै माहा उहि पनी लड् थिन् निराधार् महा ॥ ७ ॥ पर्दो भो मुनि देव वि स्मय हुन्या ठूलो लडाजी तहा । शुंभैकोर भवानि को अतिकठो भोलो घमासान् वहा ॥ धरैवेरलडर दैत्य सङ्ली भैमा भवानी झरी । उफ्री पक्रि घुमा इ पड्किन गयो भूमी महात्यै घरी ॥ ८ ॥ भैमा पड्किइ बेगलेझट छुट्यो ताकेर मुष्टी तहा । आ- योशुंभ भवानि मारन भनी दौडेर संग्राम् महा ॥ देवीले पनि आउन्या असुरको राजाकि छाती महा रोपीये कत्रिशूल चोट् गरि अती भैमागिराइन्तहा ॥ ॥ ९ ॥ प्राण् छाडी पृथिवी महा गिरि गयो छाती चिरीदामहा । थर्कायी कन वन्समेत् द्विपपहाड्साथ्

कीर्ति पृथ्वी तहां॥ त्यौं देखी मर्दा दुरात्म अति खुस् सारा जगत्मा भयो। स्वस्थै भोत्रि जगत् गगन् बिमल भो उतूपात उल्का गयो॥ १०॥ वाटा वाट वग्यानदी अमर गण् माहर्ष धेरै भयो। गंधर्वै हरु गाउ छन् असुर त्यो मर्दा सबै डर्गयो॥ कोही वाद्य वजाउ छन् खुसि भयी सब् अप्सरा नाच्त छन्। आरामी सङ वायु शीतल वह्यो तेजी भया सूर्य भन्॥११॥ ❀ खुप् शांतभै अग्नि वल्याति ताहा। दिशादिशाको पनि शब्द वाहा॥ मङ्गल् अती भो सबलाइ झट् झट्। मर्दा महा दैत्यहरूाति चट् चट्॥ १२॥

भायीमरे पछि त शुंभअती रिसायी।
रिस्ले भवानिसङ लड्नभनेर आयी॥
वधूशुंभकोतहि भवानिजिलेगर्याको।
अध्याय योपनिजहां इतिभै गयाको॥

इति श्रीमार्कण्डेय पुराणान्तर्गतसप्तशतीभाषायां दशमो ध्यायः॥ १०॥

मार्दा तहा दैत्यकि राज लायी। इन्द्राग्नि आदी सव देव आयी॥ कात्यायनीको स्तुति गर्ने ला

ग्या। मन्सुब् पुगीखुस्भइ भक्ति माग्या ॥ १ ॥ हे देवि ! दुःखै हरनोस् भगत्मा। हे मात राजी हुनु होस् जगत्मा ॥ पाल्नोस विश्वेश्वरि लोक लायी। खाली हजु ईश्वरि लोक मायी ॥ २ ॥ आधार छौ लोककि एक मायी। पृथ्वीभयी धारिइल्लोकलायी पानि स्वरूपल्लोकन लोक्बचायी। लिन्छयौ सबैलो कुछ हजुर्कि मायी ॥ ३ ॥ व्हौवैष्णवी शक्ति हरीकि जाया। संसारबिज् पालन भयेर माया ॥ योसब् जगत् बद्धगराइ दिन्छयौ ॥ राजी गर्‍या मोक्ष गराइ लिन्छयौ ॥ ४ ॥ विद्या जतीछन् हजुरैकि भेद् हुन्। फेरी हजुर्का रुपसब् त्रिजात् जुन् ॥ एकै हजुर्लै त्रिजगत्छ भर्पुर्। व्यर्थैछ सब्को स्तुति गर्न फुर्फुर् ॥ ५ ॥ सर्वस्वरूप्की जगदम्बमाहा। गर्‍यौंस्तुतीयो स्तुति हुन्छ काहा। योदुःख रूप्को भवपाश माहा दिन्छयौ सहज् स्वर्गर मुक्ति ञाहा ॥ ६॥ सब्काउप बुद्धिकि रूप धारी। चित्तै महा वास गरेर भारी ॥ स्वर्गा पवर्गै सब लाइ भछयौं। नारायणीका अब पाव पर्छौं ॥ ७ ॥ रात् दिन् पलावर्षकि रूप धारी। हछयौं उमेर्प्राणिइ मोह पारी ॥ संसार को नाश् रूप ध्यान धर्छौं। नारायणीका अब पाव पर्छौं ॥ ८ ॥ सब् मंगलै मंगल रूप लीने। सब् कार्यको सिद्धि

गराइ दीने॥ हे त्र्यम्बके गौरि पुकार गर्छौं। नारा
यणीका अब पाव पर्छौं॥ ९॥ सृष्टिस्थिती नाशन
शक्ति धर्ने। गुण्कि स्वरूप् गुण्पर बास गर्ने॥ यो
रूप मन्मा अति ध्यान गर्छौं। नारायणीका अवपा
व पर्छौं॥ १०॥ दिन् दुःखि जो छन् अति पाव पर्ने
तिन्को सबै दुःख दरिद्र हर्ने। यस्ती दयालू भनि
नाम गर्छौं। नारायणीका अवपाव पर्छौं॥ ११॥
हास्ले सहित्कोत विमान माहा। ब्रह्माणिरूप् धा
रि चढेर ताहा॥ कुश्ले जलैछिर्ट्ति तिध्यान गर्छौं
नारायणीकी अब पाव पर्छौं॥ १२॥ त्रिशूल चन्द्रै
आनि नाग धार्दी। सांढे चढी दैत्य अधीक मार्दी॥
माहेश्वरीको रुपध्यान गर्छौं। नारायणीका अवपा
पर्छौं॥ १३॥ मयूर कुक्कुट्सङमा गर्‍याकी। शक्ती
ठुलो फेर्करमा धर्‍याकी॥ कौमारि रूप्यो पनि ध्या
न गर्छौं। नारायणीका अवपाव पर्छौं॥ १४॥ स-
शंख चक्रै र गदा धर्‍याकी। फेर्शार्ङ्ग भक्कै कन खु-
स् गर्‍याकी॥ प्रसन्न व्हैवैष्णवि ध्यान गर्छौं। ना
रायणीका अवपाव पर्छौं॥ १५॥ डर्लाग्दो चक्रैकर
मा गर्‍याकी। दाम्हा उपर्मा पृथिवी धर्‍याकी॥ वा
राहिको योरूप ध्यान धर्छौं। नारायणीका अवपाव
पर्छौं॥ १६॥ नृसिंहकोझै रूपउग्र लिन्या। त्रैलो

वयको डर्सत्र नाशि दीन्या ॥ योनारसिंही रूपध्यान धर्छौं । नारायणीका अव पाव पर्छौं ॥ १७ ॥ किरीटिनी वृत्राकि प्राण लीन्या । हजार आखां भइ तेज दीन्या ॥ वज्रै लिन्या ऐन्द्रिकि ध्यान धर्छौं । नारायणी का अव पाव पर्छौं ॥ १८ ॥ मार्न्या असुर्नी शिवदूति पाई । ठूलो अवाज् घोर सरूप लाई ॥ यो रुप् हजुर्को पनि ध्यान धर्छौं । नारायणी का अव पाव पर्छौं ॥ १९ ॥ दाह्रा भरी मुख् विकराल धार्नें । फेमुंड माला धरि चंड मार्नें ॥ यो कालि को रुप् कन ध्यान धर्छौं । नारायणी का अव पाव पर्छौं ॥ २० ॥ लज्जार लक्ष्मी अनि पुष्टि नाऊ । अद्धार विद्या भनि ठाउ ठाऊ ॥ अनंत नांको जय हामि गर्छौं । नारायणी को अव पाव पर्छौं ॥ २१ ॥ मेधार भूती अमिता मर्सी भो । सरस्वती सब् किन स्त्रीवरुप् जो ॥ राजी हुनोस् येहि पुकार गर्छौं । नारायणी का अव पाव पर्छौं ॥ २२॥ सर्वस्वरूप्मालिक सब् उपर्की । सब् शक्ति को रूप अनर्थ चर्की ॥ दुर्गे वचाऊ भय आस धर्छौं । नारायणी का अव पाव पर्छौं ॥ २३ ॥ सुन्दर्छ मुख् तीन नयन् भयाकी । फेरी अलंकार्हरु धेर्धन्या की ॥ सब् प्राणि देखी भयमा वचाऊ । नारयायनी काअवपर्नु पाऊ ॥ २४॥

ज्वाला करालै अति उग्रधनैं। सब् दैत्य को प्राण् क
न जलिइ हर्नें ॥ त्रिशूलले सब् भयमा वचाऊ। श्री
भद्रकाली कितपर्छु पाऊ ॥ २५ ॥ आवाजले दैत्य
कि तेज हर्न्या। योसब् जगत् शब्द गरेर भर्न्या ॥
छोरा सरीका गरि हामि लायी। घंटादिवोस् पाप
महा वचायी ॥ २६ ॥ वोसो रगतु दैत्यकि लागि
जाहा। हीलोछ उज्वल् अति तेज माहा ॥ यो ख
ड्ग पारोस् शुभ हामि माहा। हे चंडिके ! दंडवते
छ जाहा ॥ २७॥ राजी भया रोग् सबनाश ग
र्छयौं। रिस्भो भन्या भोग् जतिछन्।ति हर्छयौं ॥
आधा हजुर्कों जुनगर्छ जाहा। पर्लाविपत्ती तिन
लाइ काहा ॥ २८ ॥ जो यो भयो कत्तल धेर अैल्हे
वच्छन् अर्सु धर्म रिपूइ कैल्हे ॥ आफनै यहा धेरस
रूप पारी। दीन्या थियोको सब शत्रु मारी ॥ २९॥
विद्यार ज्ञान् शास्त्र महात मांन्या। वेद्मा हजुर्बाहि
कको छ जांन्या। ममत्व खाडल् अति अन्ध माहा
दिन्छयौ इ सन्सार भुलाइ ताहा ॥ ३० ॥ राक्षस्
अनी शत्रुतरास माहा। विष्नागले दरवल ग
र्छ जाहा ॥ जुन् ठांदढयालोछ समुद्र माहा। संसा
र्वचौछयौ वसि जाह ताहा ॥ ३१ ॥ विश्वेश्वरीपाल
न विश्व माहां। विश्वात्मिका भैकन धार्छै जाहा ॥

सर्व्वविश्वले मान्य हजूर ठान्छन् । जोभक्त छन् ति न्कन विश्व मान्छन् ॥३२॥ ❀हे देवि ! राजि भइ पाल्नु हामि लायी । अल्हे जसोगरि वच्यौं अरि सब् मरायी ॥ पाप्यो जगत्‌कि सब नाश गराइ ली नु । उत्पात् उपद्रव हरू सब नाशि दीनू ॥ ३३ ॥ ❀ हे देवी ! खुसिभ्होइ भक्ताकि उपर्संसार्कि ताप् सब् हरी । हे त्रैलोक्याकि मान्य ! लोक् उपरमा देऊ वरै यस्घरी ॥ सूनीयो स्तुति भन्दछिन् भगवती हे देवहो ! लौऽहा । जोइच्छाछ मदिन्छु मागवरलौ उ द्धार्हुन्या लोक् माहा ॥ ३४ ॥ भन्छन् देवहरू उपद्र व जती लोकका समन् हुन् अहा । शत्रू नाश गरीं दिनू हजुरले वर्पाउँ हामी महा ॥ माग्या योवर यो सुनीकन तहां उत्तर्दिनूभो यही । अट्टाइस् युगमा हुनन् बुझमनू वैवस्वतै नाम् भयी ॥ ३५ ॥ तेस्का ल् शुंभ निशुंभ दानव हरूको जन्महोला तहा । ज-न्मीमै पनि नन्दगोप घरमा माता यशोदा महा ॥ मारी शुंभनिशुंभ वास्मगरूला विन्ध्याचलैमा गयी फेरी पृथ्वि महा जनम् लिइ अघोर्डलाग्लि रूप्की भयी ॥ ३६ ॥ मारी दानव वैप्राचित्ति हरू सब् खा दा बहुत् स्वाद् गरी । मेरादांत् अति लाल् हुनन् र गतले दाडिंकि फुल्झे सरी ॥ स्वर्गैमा सवदेवले पृ-

थिविमा मानिस् हरूले पनी । गर्न्याछन् स्तुति भक्तिले मकनसब् नांरक्तदंता भनी ॥ ३७ ॥ बृष्टीवं दहुन्याछ जब् शयवरष् सुख्खा अधीकै परी । गर्न्याछन् स्तुति सब्मुनी हरू मिली जादा दुनीञा मरी ॥ ताहां देखि अयोनि जन्म गरिमैं जाहेर्भयी लोक् महा । हेर्न्याछू शयनेत्र लें जब शताक्षीनाम गर्नन् तहा ॥ ३८ ॥ जतींतक् मञिसाकको रुपगरी पाल्न्याछु सब्लोक ञहा । भंन्याछन् सबलोक लोक बिचमा शाकंभरी नाम् तहा ॥ मार्न्या छू आनि दुर्गदैंत्य बलियो तेसैबखतमा जसै । दुर्गादेवि भनी इ लोक हरूले नाम् मेरि राख्नन् तसै ॥ ३९ ॥ फेरिरुप् धरिभी माहिं अचलमा रक्षामुनीको गरी खान्याछू सब राक्षसै जब मुनी नम्रित् स्वरूपै धरी ॥ गर्न्याछन् स्तुति भक्तिले गरि ममा आल्हाद् गरायी मती । भीमा देवि भनेर नाम् आनि पछी जाहेर होला अती ॥ ४० ॥ फेरी दानव दुष्ट नाम् अरूणले त्रैलोक्य बाधा गरी । लीदा मारि दिन्याछु रूप्लि भमरा तिन्लोकको हित् धरी ॥ लोकले भ्रामरि नाम्पुकारि स्तुतिखुप्ल्याँदेखि गर्नन् अती जुन्कालमा जाति दुःख दानव दिनन् नाश् पाछुरूप्ली तती ॥ ४१ ॥

शुम्भ निशुम्भ दुइ विर्कन नाशगर्दा।
खुप्खुस्भयी अमरगण सवपांवपर्दा॥
नारायणी स्तुतितिदेव्गणले गर्याको।
अध्याययोपनि जहांइतिभै गयाको॥

इति श्रीमार्कण्डेय पुराणान्तर्गत शप्तशती भाषा यां एकादशोऽध्यायः॥ ११॥

देव्ता हेरूकनै महा भगवती फेंभन्न लागिन्त हा। योस्तवूले स्तुति गर्दछन् दिनादिनै जस्ले मला यी जहा॥ वाधाछन् जति नाश पार्छु तसको शंका न लेऊअनी। मार्याको मधुकैटभै र महिषासुर्वध् भयाकोपनी॥ १॥ वध्फेशुंभनिशुंभकोविधिगरीजोपा ठ गर्ला जहा। नौमी अष्टमि फेर्चतुर्दशि महा एक् चित्तभै मन्महा॥ सुन्लामेरि महात्म्य उत्तम अती तेस्लेन सक्न्या कही। केही छैनम पापताप हरुला पाठ् गर्छ जस्ले यही॥ २॥ दारिद्र्ये सव नाश् भयी सुहृदको होला मिलाप् प्रेंधरी। राजाशत्रुर चोर को भयहरी दीन्याछ पाठ्लेगरी॥ अग्नी शस्त्रर धेरपा नि हरुको होवैन डर्एक् पनी। तस्मात् मेरिमहात्म्य पाठ गरनू खुप् शुद्ध मनले भनी॥ ३॥ सुन्नूभक्ति

धरेर स्वाहित गरन्या कल्ल्याण् दिन्या धेअ्रंती । ना
सी दुःख उपद्रवै सब महामारी हरू दोष् जती ॥
उत्पात् तिन् थरि का समन् सबहुनन् माहात्म्य सु
न्दै महा । जस्ले नित्य गरेर पाठ गरला गै मेरि
मंदिर्जहा ॥ ४ ॥ तेस्को साथ् राति छाड्ने छैन न
जिकै वस्न्याछु भक्तै भनी । यज्ञैमा वलिदान पूज
न महा उत्सव् ठुलामा पनी ॥ मेरो येहि चरित्र
पाठ गरनु सुन्नू अतीप्रेंधरी । गर्ला जानिन जानि
बाजउनले पूजा वलीदान् गरी ॥ ५ ॥ श्रद्धा धेर्ग
रि लिन्छु होम पनिलौ जोगर्छ अग्नी महा । फेरीपू
जन जौनवर्ष दिनमा गर्छन् शरत्कालमहा ॥ तेस्मा
मेरि महात्म्य जौन सुनला भक्ती ममाथी धरी ।
छुट्न्याछन् सब दुःख धान्य धन धेर्छौरा हुनन्
घर्भरी ॥ ६ ॥ सुंन्यामेरि महात्म्य फेरि अवतार्क
ल्ल्याण दीन्या अती । गर्लात्यो रणमा पराक्रमवहु
त् जितलाइ सब् डर्जती ॥ कल्ल्याण् प्राप्ति भयेर
शत्रु मरनन् कुलखुस् हुनन् छन् जती । सुन्नन्
येहि चरित्रजो अमरहो धेरै भनूलौ कती ॥७॥ शा
न्ती काम सबै महा अनि पछी दुःस्वप्न देख्ला
जसै । पीडाभो ग्रहको जसै अति कठोर्माहात्म्य सु
न्नू तसै ॥ सब् दोष् लाइ हेरीकठार ग्रहको पीडा

विनासै गरी । दुर्घट् स्वप्न भया पनी फल मिलोस्
सुस्वप्न देख्या सरी ॥ ८ ॥ फेर्बाल ग्रहको तत्काल
कमहा शान्ती गरायी दिन्या । आपोस्मा भगडा
हुदा नर महा झट् पट् मिलायी लिन्या ॥ सब् दुर्घ
ट् जतिकोत नाश् गरि दिन्या राक्षयस् पिशाच् भुत
अनी । सब् को नाशहुन्याछ तत्क्षण महा पाट्मात्र
गर्दा पनी ॥ ६ ॥ जोछन् मेरि चरित्रमै कन नजिक्
खिच् छन् इजोड् धेर्धरी । धुप् दिप् पुष्प पशूर चन्दन
असल् लायेर पूजा गरी ॥ ब्राह्मण् भोजन होमले
गरि पुजा पंचामृतै धेर्धरी । धेरैवस्तुधरी वहुत् प्रि
यगरी जोगर्छ वर्षै भरी ॥ १० ॥ एक् वार्का पनि
पाठले श्रवण ले मेरो महात्म्ये यही । पाप्को नाश
गरेर रोग हरला क्यादुःख पर्ला कँही ॥ मेरायी अव
तार पाठ् गरि लिदा रक्षाहबस् भुत्महा । फेर्दुष्टै स
व दैत्यवध् रणमहा सुन्ला जउन् ले जहा ॥ ११ ॥
तेस् लायी रिपुकोडरै रतिपनी होवनै जान्नूमर्‍या ।
फेरीजो तिमि हेरुले स्तुति गर्‍यौ व्रह्मर्षिले जो
गर्‍या ॥ व्रह्माले गरियो जउन् इसव ले दिन्छन्
वहुत् वेस्मती । वन्मा भो अनि शत्रुको कयर मा
चौंले दपेट्ता अती ॥ १२ ॥ वाघ्सिंहै हरु हाथि
ले वन महा हिड्दा लगार्दा घढी । राजा ले

रिस ले हुकुं कन दिदा घेर्दा डढथा लो ब ढी ॥ काट्न्या मानिस वन्धमा परिलिदा जाहाज् समुद्रै जहा । तूफान्ले गरि डुवन घुम्नजवगो यस्ता विपत्ती महा ॥ १३ ॥ संग्रांमा अरिकात शस्त्र चलदा इत्यादि संकट् महा । मेरो येहिचरित्र संभनु अती हर्ला विपत्ती तहा ॥ सिंहादी सव वैरिनाश गरला मेरा प्रभाव्ले गरी । येती बात गरेरती भगबती आपत्सवैको हरी ॥ १४ ॥ अन्तर्ध्यान् हुनुभो वहां पछि तहा सव्का अगाडी महा । आफ्ना काम् अघिकै सरीगरि लिया देब्ता हरूलेतहा ॥ देवीले सव मार्दिदा अति अघो दानब् हरू सब् तहा । पाया यज्ञकिं भाग मारि अरिसब् निश्चिन्तभै मन्महा ॥ १५ ॥ लोक् विध्वंस गरी ठुलो वलधरी हिड्न्या निशुंभै अरी । मार्दी शुंभभवानिले अरूगया पाताल् महा तेस्घरी ॥ यस्ती देवि भवानि नित्य पनिलो अब्ता अनेक्रक्षा गरी । वारंवार भयी इ लोक महाराज् पाल्न्या विपत्ती हरी ॥ १६ ॥ तिन्लयै मोह गरिंछ योजगत फेर्उत्पत्ति तिन्लयै गरी । दन्या राजि गर्न्या तमोत्तमाति ज्ञान् दीन्या सहज् त्यैघरी ॥ ढाक् छिन् यी सबलोक धेरूपधरी सव्शक्ति रूप्ले गरी । योबुझ्नू महाराज् अनेक् रूप्धरी दिन्छिन् विपत्ती हरी ॥१७॥ ❋ महा

काली रूप्भो गरिकन महामारि रूपफेर् । भयी सृ-
ष्टीरूप्की स्थिति भइ जगत् पालिकन धेर् ॥ हु-
न्या वेला लक्ष्मी भइ नरमहा वृद्धि गरन्या । वि
नाश्का बेलामा भइकन अलक्ष्मीउ हरन्या १८॥
गस्या पूजा चन्दन् धुपदिप निवेदन् धरि धरी ।
अधिक् भक्तीधारीचरण तलमा खुप् परिपरी॥तिंदि
न्छिन् धन् छोरा मति परमपद् मा गरि दिन्या ।
गरायी सब्भोगै आनि पछि त मोक्षै गरि लिन्या ॥

पूजा स्तुती हरू बहुत गरेर ताहा ।
श्रीदेविले खुसिभयी कन फेरिवाहा ॥
यस्को फलस्तुति समेतुसबयोभयाको ।
अध्याय योपनि त्रहांइतिभैं गयाको ॥

इति श्रीमार्कण्डेय पुराणान्तर्गत सप्तशती भाषा
यां द्वादशोऽध्यायः ॥१२॥

योजो कह्यां देबि महात्म्य मैले । राजन् बहुत
उत्तम जान अैले ।। यस्ती प्रभाब्की बुझ्देबि ता-
हा । जस्ले सबै धार्दछ लोक माहा ॥ १ ॥ विद्याप
नियी भगवतीकि माया । जस्ले गराइन् गृहवित्तका
या ॥ तिन्ले तिमी वैश्य पनी त्रिलोक् सब् । मोहि
त् गराउछिन् वचला कउन् कब् ॥ २ ॥ मोहित् भ

या मोहित छन् इ आहा। मोहित् हुन्या छन् बुझ्
लोकमाहा ॥ राजन् तिनैका शरणै तजाऊ। माता
जिका झट्ट परेर पाऊ ॥ ३ ॥ आराधनै भक्ति गरे
र गर्दा। पूजा गरी एक् मनधेर धर्दा ॥ भोग्स्वर्ग
मोचै पनि भक्त लायी। दिन्छिन् सहज् खूसि भये
र मायी ॥ ४ ॥ ❀ मार्कण्डेयजि भन्दछन् यति
सुनी मेधाऋषीका कुरा। पाऊमा परि दंडवत् सुर
थले लाया भगवत्मा पुरा ॥ निर्विण्यै भइ राज्य
संझि ममताले दुःख दीदा तहा। तप्का निंतिगथा
अघोर्विनमहा सोवैश्यली सङ् महा ॥ ५ ॥ दर्शन्
खानिर देविको नदिकिनार्माती वस्था झट् गयी।
देवी सूक्त जप्याति वैश्य पतिले एकाग्र मन्मा भ-
यी ॥ राजा वैश्य मिली नदीकि तिरमा माटाकि
मूर्ती गरी। पूजा धुप्दिप पुष्प होम अनि फेर्तर्पण्
निवेदन् धरी ॥ ६ ॥ मन्रोकी कन मन् धरी जन
निमा एक्दं निरा हार्गरी। आफ्नै आङकि रक्त
ले बलि दियी रोज् रोज भक्ती धरी ॥ आराधन्य
हि रितसङै गरि लिदा तिन्वर्षमा खुस्भयी। दर्श
न् वक्सनुभो जगज्जननिले प्रत्यक्ष सामु गयी ७॥
भन्नुभो महाराज् कुलिन् विटपते माग्छौ कउन् व
र्यहा। दिन्छू तुष्टभञा मँ माग अहिले शंका न ली

मन्महा ॥ यस्तो मर्जि सुनी जगज्जननिको भन्छ
न्ति राजा यही। येही जन्म महा वलै सङ्ग्ररीमा
री मिलोस् राज् स्वही ॥ ८ ॥ वैराग्यै भइ वैश्यले
फगत ज्ञान् माग्या विरक्तै भयी। सब्को संगगरी
ममत्व गरन्या सुध्रोस बुद्धो यही ॥ यस्तो विन्ति
सुनी जवाफ् दिनु भयो श्रीदेवि ले योतहा। थोरै
दिन् पछि राज्य मिल्छ महाराज् आफ्नै अधीकै ञ
हा ॥ ९ ॥ मारी शत्रुहरु मर्तिरि गरुला सावर्णि
नामका भनू। दोस्रा जन्म महा त सूर्यसुतभै व्हौ
ला अरूक्या भनू ॥ वैश्यैमा अति श्रेष्ठ जौन तिमि
ले वर्मागि लीयौ ञहा। मिल्ला ज्ञान् तिमि लाइ
मोक्ष गरन्या संसार सागर्महा ॥ १० ॥ यस्तो वर्दि
इ लाइदी भगवती गर्थ्या स्तुती द्वैतहा। अन्तर्ध्या
हुनुभो जगत्कि जननी तत्काल् अगाडी महा ॥
देवी वाट वरैमिली यसरिती राजा सुरथ्जी पनी
सूर्यैदेखि जनम् भयी मनुवन्या सावर्णि नाऊ भनी

भाषावन्यो त्रितियथेहि चरित्र माहा।
श्रीसारदा प्रिय गरेर चढाइ ताहा ॥
यस्ले म भन्छु कृतकृत्यभयां म ञाहा।
मिल्न्याछलौं असलभाक्तिभवानिमाहा ॥

इति श्रीमार्कण्डेय पुराणान्तर्गत सप्तशती भाषायां
त्रयोदशो ध्यायः ॥ १३ ॥

(१)

नोटिस् ।

—०—

गीत गोविन्द छाया) राग सुर श्लोक जस्तो मूल मा छ सो वमोजीम् का हाल मा छापिया को अपूर्वछ ।

कल्कि पुराण गोर्षा भाषा श्लोक पछि हुने कुराको तयार भै सकियो छापिनेछ यो कस्तो छ भने जम्बा १८ पुराण मा १७ पुराण भयि सकेका कुरा कहंछन् यो अट्ठारौ कल्कि पुराण मा पछी हुने कुरा छन् यस्तो अपूर्वछ ।

नर हरि चरित्र यो मूल बमोजिम् नृसिंहावतार का कथा छ यस्मा तत्व को विबेक छ छापिन लागे कोछ अघीको जस्तो छोटोछैन ।

स्वप्नप्रकाश गोर्खाली भाषामा श्लोक
वद्धगरी मूल वमोजीम् छापियाकोछ ।

जैमिनि भारत गोर्षाली भाषा
वद्धश्लोक यो झन् अपूर्वछ ।

५६८
21:222
4PA
1961 A.D.

921:222

(१)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Acc. No 44495

Class No .. Book No ..

Author मुकुन्दप्रसाद उपाध्याय

Title चण्डी सप्तशती

Due on	Borrower's Name	Returned on

821:222
UPA
1961 A.D.

44495

MAHENDRA SANSKRIT UNIVERSITY

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

इ. पुरा
चण्डी
Q21:22
UPA
1961 A